# स्वास्थ्य नीति २०७७

त्रिवेणी गाउँपालिका, सल्यान
कर्णाली प्रदेश
नेपाल

# स्वास्थ्य नीति २०७७

**विषय सुचि** **पेज नं.**


१. पृष्ठभूमि....3

२. विगतमा गरिएका प्रयासहरु : ....3

३. विद्यमान स्थिती ....4

४. स्वास्थ्य समस्या, चुनौतीहरू तथा अवसरहरु :....5

४.१ बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरू ....5

४.२ अवसर ....6

५. स्वास्थ्य नीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरु....6

५.१ निर्देशक सिद्धान्त....6

५.२ भावी सोच -Vision)_....7

५.३ ध्येय -Mission) _ ....7

५.४ लक्ष्य (Goal)_ ....7

५.५ उद्देश्यहरू (Objectives)_....7

६. त्रिवेणी गाउँपालिकाको स्वास्थ्य नीतिहरु तथा रणनीतिहरु....7

६.१ स्वास्थ्य नीतिहरु ....7

६.२ नीति अन्तर्गत रणनीति ....8

७. संस्थागत संरचना....15

८.आर्थिक पक्ष ....15

९.अनुगमन र मूल्यांकन....15

१०.नीति कार्यान्वयनको कार्ययोजना ....15

११.जोखिम....15

१२. खारेजी.... 16

## स्वास्थ्य नीति २०७७ (मस्यौदा)

## १. पृष्ठभूमि

आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा तथा आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्थालाई नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकको मौलिक हकको रुपमा प्रत्याभुत गरेको छ । देश संघीय शासन प्रणालीमा गइसकेको अवस्थामा स्वास्थ्य सेवाका संरचना तथा सेवा प्रणाली पनि संघ, प्रदेश र स्थानीय गरी तिन तहमा विभाजन गरिएको छ । साथै यस अवस्थामा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सर्वव्यापी पहुँच पुर्याउने स्थानिय तहको पनि महत्वपूर्ण दायित्व रहेको छ। संविधान बमोजिम विभिन्न तहले सम्पादन गर्ने कार्यहरुको अधिकार सूची, संघीय तथा प्रादेशिक नीति तथा कार्यक्रमहरु, दिगो विकास लक्ष्य, नेपालले विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु एवं स्थानिय तहको स्वास्थ्य क्षेत्रभित्रका समस्या र चुनौतीहरु, स्थानिय नीति, उपलब्ध साधन र स्रोत, तथ्य तथा प्रमाणहरुलाई समेत विष्लेषण गरी स्थानिय तह अन्तर्गत यस त्रिवेणी गाँउपालिका सल्यानले स्वास्थ्य क्षेत्रमा आफ्नो प्राथमिकता तय गरेको छ । स्वास्थ्य र समृद्धिका लागि **"स्वस्थ र सुखी नागरिक,गाउँपालिकाको विकासको आधार"** भन्ने मूल नारालाई सार्थक बनाउनको लागि त्रिवेणी गाँउपालिकाको स्वास्थ्य नीति २०७७ तयार गरिएको छ ।

### त्रिवेणी गाउपालिका संक्षिप्त परिचय

त्रिवेणी गाउँपालिका सल्यान जिल्लाको साबिकका काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी गरी ४ ओटा गा.वि.स.लाई समावेश गरी स्थापना भएको तथा शारदा, लुहामखोला खोला र अरनी खोलाको संगमस्थल भएकाले यस गाउँपालिकाको नाम त्रिवेणी गाउँपालिका रहन गएको हो । १८५ जना प्रति बर्ग कि.मि. जनघनतव रहेको यस गाउपालिकाको कुल क्षेत्रफल ११९.११ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाको पूर्वमा कपुरकोट गाउँपालिका, पश्चिममा छत्रेश्वरी गाउँपालिका, उत्तरमा छत्रेश्वरी गाउँपालिका, र दक्षिणमा कालिमाटी गाउँपालिका र दाङ्ग जिल्ला पर्दछ । त्रिवेणी गाँउपालिकाको पार्श्वचित्र २०७५ को अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १९५४१ जना रहेको छ भने कुल जनसंख्याको ५३ प्रतिशत महिला र ४७ प्रतिशत पुरुषको जनसंख्या रहेको छ । यसैगरी जातिगत विवरणलाई हेर्दा सवैभन्दा बढि क्षेत्री (५४.७ %) त्यसपछी मगर (२६.७ %) र सबै भन्दा कम कामी (७.८%) लगायतका जात जातिको बाहुल्यता रहेको छ ।

## २. विगतमा गरिएका प्रयासहरु :

यस त्रिवेणी गाउँपालिकामा मानव सभ्यताको बिकास क्रमसंगै बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएता पनि औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात बि.सं २०३० साल साविकको फलावाङ्ग गा.बि.स.मा सरिकोट स्वास्थ्य चौकी स्थापना पछि भएको मान्न सकिन्छ । उत्त स्वास्थ्य चौकीले तत्कालिन अवस्थामा ठुलो क्षेत्रफललाई समेटेर सेवा दिने गरेको थियो । वि.स. २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुऱ्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वास्थ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनिती अनुरुप वि.सं २०५० पछि काभ्रा, त्रिवेणी तथा कारागिठि गाविसहरुमा उप स्वास्थ्य चौकी स्थापना गरिएको थियो जुन हाल स्वास्थ्य चौकीमा स्तरोन्नति भएका छन् ।

वि.स. २०६२/६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी गाउँबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न गाउँपालिका अर्न्तगत स्वास्थ्य शाखाको

स्थापना गरिएको छ भने यस मातहतका स्वास्थ्य चौकीहरु हस्तान्तरण भएका छन् । गाउँपालिकाको प्रयासमा प्रयोगशाला सहितको स्वास्थ्य सेवा त्रिवेणी स्वास्थ्य चौकीमा सञ्चालन भइराखेको छ यसै गरि साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु क्रमश स्थापना भई सञ्चालनमा आएका छन् ।

यस गाउँपालिकामा स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु संचालन भई रहेको छ । आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा उपलब्ध तथ्यहरुमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गर्ने गरेको छ ।

## ३. विद्यमान स्थिती

सल्यान जिल्लाको कुल जनसंख्याको करिब ७.३ प्रतिशत जनसंख्या बसोबास गर्ने यस गाउँपालिकाको जनघनत्व १८५ प्रतिवर्ग कि.मि. रहेको छ भने औषत परीवार संख्या ५.१५ जना रहेको छ । यस गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ४ स्वास्थ्य चौकी, २ आधारभुत स्वास्थ्य केन्द्र, १७ गाँउघर क्लिनिक, २१ खोप क्लिनिक, ३६ जना महिला स्वास्थ्य स्वयम्सेविका कार्यरत छन् ।गाउँपालिका अर्न्तगतका २ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका साधन तथा ५ वटा स्वास्थ्य संस्थाबाट प्रसुती सेवा उपलब्ध छ । आ.व. २०७६।७७ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस गाउँपालिकामा कुल जनसंख्याको ९३ प्रतिशत जनसंख्याले बहिरंग सेवा लिएका मध्ये ६१ प्रतिशत महिलाहरु रहेका छन् । यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा २९ जना स्वास्थ्यकर्मि द्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ । स्वास्थ्यकर्मि र जनसंख्याको अनुपात हेर्दा १३९६ जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा १३०३ जनसंख्यालाई १ जना नर्स हुन आउँछ । यस गाउँपालिकामा कार्यरत जम्मा २९ जना स्वास्थ्यकमीहरु मध्ये यस त्रिवेणी गाउँपालिकाले हाल ६ जना अ.न.मी. २ जना अ.हे.व., १ जना ल्याव असिस्टेन्ट र ७ जना कार्यालय सहयोगीहरु करारमा भर्नागरी स्वस्थ्य सेवा दिई रहेको छ ।

यस गाउँपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन् । बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि भएता पनी गुणस्तरयुक्त प्रसुति सेवाकोअझै अभाव रहेको छ भने पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा बृद्धि हुन सकेको छैन । यस गाउँपालिकामा १०० प्रतिशत बालबालिकाले पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी दीगो विकास लक्षको आधारमा त्रिवेणी गाउँपालिकाले लिएको सन् २०२५ सम्मको पञ्च वर्षिय लक्ष देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि. नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | त्रिवेणी गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | **गाउँपालिका को पञ्चबर्षीय लक्ष २०२५** | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | | | ७२.८ | ७९.८ | ७६.३ | ९० | | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६२ | ४८.९ | ५४ | ५८ | ९० | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | २४ | २१.१ | २०.४ | १५.१ | ९० | ९० | |

| सि. नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | त्रिवेणी गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | **गाउँपालिकाको पञ्चबर्षीय लक्ष २०२५** | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | १८ | | | २९.५ | ४५ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९ | ५३.२ | ५५.५ | ५६.२ | ८० | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ९८ | ११५.९ | १११ | १०० | | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | | | | | ० | ० | | |

उल्लेखितसुचकहरुमा समग्रमा नेपाल तथा प्रदेशकोउल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएतापनि त्रिवेणीगाउँपालिकामा स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै थुप्रै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ४.स्वास्थ्य समस्या, चुनौतीहरू तथा अवसरहरु :

### ४.१ बिद्यमानस्वास्थ्य समस्या तथा चुनौतीहरू

- त्रिवेणीगाउँपालिकाभित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूतस्वास्थ्य सेवामा समान पहुँच पुग्न सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोगनिदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन् ।स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद वातावरण सृजना गर्नु पर्नेछ ।
- त्रिवेणी गाउँपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरुको बारेमा सचेतना तथा रोकथामको लागि प्रभावकारी कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।
- त्रिवेणी गाउँपालिकाका नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जस्का कारण बेलाबखत झाडापखाला, टाईफाइड, ज्वरो जस्तो महामारी फैलने गरेको छ ।
- नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । अझै पनि यस त्रिवेणी गाउँपालिकाका महिलाहरु घरैमासुत्केरी हुने, किशेरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।

- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।

- नेपालको संबिधान २०७२ ले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित ब्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

- त्रिवेणी गाउँपालिका भित्र आवश्यकता अनुसार ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैह्र सरकारी क्षेत्रको लगानीलाई पारदर्शि, प्रभावकारी एवम थप ब्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।

- अपाङ्गता सम्बन्धी कान नसुन्ने, आँखा नदेख्ने, दृष्टि कमजोर लगायत मानसिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सेवामा लगानी वृद्धि गर्नुपर्ने अवस्था छ ।

- प्रयोगशाला सेवा र औषधी उपकरण आदिको प्रयाप्त आपूर्ति हुन सकेको छैन ।

- जलवायु परिवर्तन तथा प्राकृतिक विपद, बढ्दो खाद्य असुरक्षाले स्वास्थ्य समस्या बढिरहेको अबस्थामा छ ।

- स्वास्थ्य क्षेत्रमा प्रर्याप्त लगानी छ । स्वास्थ्य क्षेत्रमा गरेको लगानीले सम्पुर्ण विकासमा सकारात्मक प्रभाव पार्दछ भन्ने चेतना सम्बन्धित तह निकाय र आम जनतामा पुर्ण रुपमा आभास हुन सकेको छैन ।

**४.२ अवसर**

- गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा विभिन्न नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्न सकिने अवस्था रहेको,
- एकिकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सहि प्रयोग गरी तथ्यमा आधारित योजना निर्माण गर्न सकिने तथा प्रविधि अधिकतम प्रयोग तथा पहुँचमा बृद्धि गर्न सकिने
- गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा आवधिक योजनाहरु, वित्तीय रणनीति  तथा लागत सहितको कार्ययोजना बनाई लागू गर्न सकिने,
- जनप्रतिनिधिको उपस्थितिमा अनुगमन गर्ने व्यवस्था तथा जनप्रतिनिधिहरुको उत्साह र उच्च प्रतिवद्धता रहनु गाउँपालिकामा सहयोग तथा साझेदारीको लागि स्वास्थ्य क्षेत्रको अवसरको रुपमा रहेका छन् ।
- गैह्रसरकारी संघ संस्थाहरुको प्राथमिकतामा समेत यस गाउँपालिका परेको संदर्भमा अधिकतम साझेदारी गरी स्वास्थ्य कार्यक्रम तथा प्रणाली सुधार गर्न सकिने अवस्था

## ५. स्वास्थ्यनीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरु

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँ/गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०७७ को कार्यान्वयन गरिनेछ ।

### ५.१ निर्देशक सिद्धान्त

- गुणस्तरिय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको व्यबस्था स्थानीय तहद्वारा आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिने र स्वास्थ्य जनताको अधिकार हो भन्ने कुरा प्रति प्रतिबद्ध रहने ।
- समानता, जवाफदेहीता, जनसहभागिता, जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि राष्ट्रिय स्वास्थ्य नीतिअनुरुप 'सबैका लागी स्वास्थ्य' अभियान अघि बढाउन प्रयत्नशिल रहने ।
- स्वास्थ्य क्षेत्रमा स्थनिय तहको लगानी अभिबृद्धि गर्दै स्वास्थ्य क्षेत्र मार्फत समग्र विकासको अवधारणालाई सफल बनाउन प्रयत्नशील रहने ।

- नागरिकको स्वस्थ्य सुधारको लागि स्थानिय तहले स्वास्थ्यको क्षेत्रमा लगानी बृद्धि गर्न विशेष प्राथमिकता दिने । आवश्यक पूर्वाधारहरुको निर्माणमा जोडदिई स्वास्थ्यमा नागरिकहरुको पहुँच सुनिश्चित गर्ने ।
- स्वास्थ्य सेवालाई गुणस्तरिय र सर्बसुलभ बनाउन तथा तथ्यमा आधारित योजना बनाउन स्वास्थ्य अनुसन्धान तथा विश्लेषणमा जोड दिने । जनसंख्या, भूगोल, र संघिय संरचना अनुरुप आवश्यकपर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मिहरुको संख्या र गुणस्तरमा बृद्धि गर्नकालागी पहल गर्ने ।
- स्वास्थ्य सेवा सम्बन्धि सुचनाको हक समुदायमा भएका प्रत्यक नागरिकले प्राप्त गर्नेकुरा सुनिश्चित गर्ने ।

**५.२ भावी सोच (Vision_**

त्रिवेणी गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

**५.३ ध्येय (Mission )**

नेपालको संविधान २०७२ को मर्म र भावना अनुसार सम्पुर्ण नागरिक स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

५.४ **लक्ष्य (Goal)**

गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरि आधारभूत स्वास्थ्यसेवा उपलब्ध गराउदै दिगो विकास लक्ष्य लाई सफलिभूत गराउने ।

५.५**उद्देश्यहरू (Objectives)**

- गाउँपालिकाबासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नपर्ने वातावरण सृजना गर्ने ।
- सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि , औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- स्वस्थ जीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वाताबरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने ।

## ६.त्रिवेणी गाउँपालिकाको स्वास्थ्य नीतिहरुतथा रणनीतिहरु

त्रिवेणीगाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथास्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै त्रिवेणी गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहाय बमोजिम १६ वटा स्वास्थ्य नीति अवलम्वन गरेको छ ।

### ६.१ स्वास्थ्य नीतिहरु

नीति नं. १ : त्रिवेणी गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

नीति नं. २ : त्रिवेणी गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

नीति नं. ३ : जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई प्राथमिक स्वास्थ्य सेवा देखिनै व्यवस्थापन गरिनेछ ।

नीति नं.४ : त्रिवेणी गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउनस्वास्थ्य संस्थाहरु बिस्तार गर्दै ( स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

नीति नं. ५ : सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याउने रणनीति अबलम्बन गरिने छ ।

नीति नं. ६ : त्रिवेणी गाउँपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।

नीति नं. ७ : गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा अधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

नीति नं. ८ : स्वास्थ्य सूचना प्रणाली तथा गुणस्तरीय सुचना विश्लेषणबाट प्राप्त तथ्यलाई त्रिवेणी गाउँपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

नीति नं. ९ : गाउपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै अति बिपन्न, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।

नीति नं. १० : सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

नीति नं. ११ : सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।

नीति नं. १२ : जनस्वास्थ्यको क्षेत्रमा त्रिवेणी गाउँपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय सरकार, कर्णाली प्रदेश सरकार, निजी तथा अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

नीति नं. १३ : जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।

नीति नं. १४ : स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

नीति नं. १५ : त्रिवेणी गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न पोषण संम्बन्धि कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्ने तथा स्थानीय स्तरमा उत्पादन हुने पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।

नीति नं १६ : जनसंख्या ब्यवस्थापनलाई त्रिवेणी गाउँपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।

### ६.२नीति अर्न्तगत रणनीति

**नीतिनं. १ : त्रिवेणीगाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

१.१ यस त्रिवेणी गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरुप्रभावकारी रुपमा उपलब्ध गराईनेछन ।

१.२ भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु स्थापनातथाविस्तार गरिनेछ ।

१.३ त्रिवेणी गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ ।

१.४त्रिवेणी गाउँपालिकाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

**नीति नं. २ : त्रिवेणी गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

२.१ संघीय र कर्णाली प्रदेश सरकारसंग समन्वय गरी त्रिवेणीगाउँपालिकामा१५ शैयाको अस्पताल स्थापनागरिनेछ ।

२.२ त्रिवेणी गाउँपालिका भित्रका साबिकका अस्पतालहरु स्तरोन्नती गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।

२.३ त्रिवेणी गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायीक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर तथा रोभिङ अ.न.मी. मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

२.४ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । त्रिवेणी गाउँपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरुनियमितरुपमा संचालन गरिने छ ।

**नीति नं. ३ :जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई प्राथमिक स्वास्थ्य सेवा देखिनै व्यवस्थापन गरिनेछ ।**

३.१. सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ ।

३.२ सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाईसार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ। यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।

३.३. तोकिए बमोजिमका अवस्थाहरुको समयमा पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु ( Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography) आदि सेवा उपलब्ध गराईनेछ ।

३.४. बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविरसंचालन गरिनेछ ।

३.५ नसर्ने रोगहरु रोकथामको लागि अत्यावस्यकीय प्याकेज (PEN)लाई न्युनतम पनि सबै स्वास्थ्य संस्था मार्फत लागू गरिने छ ।

३.६. उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ । साथै जेष्ठ नागरिकको लागि आवधिक रुपमा घरमै गई स्वास्थ्य सेवा प्रदान गरिने छ ।

३.७ स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम तथा योगा, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्थानीय निकायसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

३.८ खोपबाट बचाउनसकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणकोलागि राष्ट्रिय नीति अनुसार गरिनेछ ।त्रिवेणी गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँपालिकाघोषणा गरिनेछ ।

**नीति नं.४ : त्रिवेणी गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउनस्वास्थ्य संस्थाहरु बिस्तार गर्दै ( स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

४.१. त्रिवेणी गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन् सेवाको व्यवस्था गरिने छ।

४.२. आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउनसामुदायिक स्वास्थ्य ईकाई, आधारभुत स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।

४.३ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनकालागि नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरुगरि क्रमागत रुपमा बिस्तार गरिने छ ।

४.४ नया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरी निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री तथा कोल्डचेन व्यवस्था, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, एच.आइ.भी, क्षय रोग, कुष्ठ रोग आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाई चेन व्यवस्थापन बिद्युतीय आपुर्ति व्यवस्थापन प्रणाली (eLMIS) बाट गरिनेछ ।

**नीति नं. ५ :सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ ।**

५.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार त्रिवेणी गाउँपालिकाको हरेक वडाहरुमा हाल संचालितसुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडा संग समन्वय गरी प्रभाबकारीरुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

५.२ स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवा खाजा) जुकाको औषधि वितरण स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय व्यवस्थापनसँगसहकार्य गरिनेछ ।

५.३ मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि उक्त लक्ष हासिल गर्न विशेषगरी प्रोटोकल अनुसार गर्भवती जाँच, पुर्ण संस्थागत प्रसुति, प्रोटोकल अनुसार शत प्रतिसत सुत्केरी जाँच सेवाको लागि कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ ।

५.४ बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि दक्ष स्वास्थ्यकर्मी तथा भौतिक साधन सम्पन्न गराइनेछ। प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नर( Stablization center, Specialsized Newborn Care Unit, / Newborn Intensive Care Unit)को सुबिधा विस्तार गर्दै लगिने छ ।

५.५ नवजातशिशु तथा बाल रोगको एकिकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**नीति नं. ६ :त्रिवेणी गाउँपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

६.१ गाउँपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरुको सीप तथा दक्षता अभिबृद्धि गर्नको लागि गाउँपालिकाले माथिल्लो निकायहरुमा समन्वय गरी आवस्यकता अनुसार तालिमको व्यवस्था गर्नेछ । बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती ब्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।

६.२त्रिवेणी गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित ब्यवस्थापनको लागि बृत्ति बिकासप्रणालीद्धारा ब्यवस्थित गरिनेछ।

६.३स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

**नीति नं. ७ : गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा अधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

७.१. सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ ।

७.२. स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरि औषधि उपकरण खरिद गर्दा त्रिवेणी गाउँपालिका तथा स्वास्थ्य संस्था वा वडाले खरिद गर्ने औषधिको छुट्टा छुट्टै सुची तयार गरि ब्यवहारमा ल्याइनेछ ।

७.३ दुर्गम क्षेत्रमा सुलभ औषधी पसल बिस्तार गर्न प्रोत्साहन गरिनेछर स्वास्थ्य संस्थाहरुमा अस्पताल फार्मेसी संचालन गरिने छ ।

**नीति नं. ८ :स्वास्थ्य सूचना प्रणाली तथागुणस्तरीय सुचना विश्लेषणबाट प्राप्त तथ्यलाई त्रिवेणी गाउँपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

८.१ त्रिवेणी गाउँपालिका भित्र स्वास्थ्य सम्बन्धि सूचना प्राणाली लाइ ब्यवस्थित गरिने छ स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहित एवं प्रवर्धन गरि उत्कृष्ट संस्था पहिचान एवं सम्मान गरिनेछ ।

८.२त्रिवेणी गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

८.३ त्रिवेणी गाउँपालिकामा एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ ।

८.४त्रिवेणी गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा Internet को पहुँच बिस्तार गरि स्वास्थ्य संस्थाहरुबाट नै Online reportingलाई बिस्तार तथा नियमित गरिनेछ ।

**नीति नं. ९ :गाउपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै अति बिपन्न, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।**

९.१.गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् ।

९.२. कम उमेरमा बिवाह गर्ने र गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपथितिमा निरन्तरता दिन सेनिटरी प्याड उपलब्ध गराइनेछ ।

९.३. अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांगमैत्री हुनेछन् । प्यालियटिभ सेवाको पनि क्रमशः शुरुवात गरिनेछ ।

९.४. प्रेषण प्रणाली सुदृढिकरण अन्तर्गत उपचारको लीाग प्रेषण भएका विरामीहरुको संदर्भमा प्रेषण भई गएका स्वास्थ्य निकायहरुसँग सहकार्य तथा सहजिकरण गरिने छ ।

९.५लैंगिक हिंसामा परेका, वेवारिसे, जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा त्रिवेणी गाउँपालिकाले पुर्नस्थापना केन्द्र/बृद्धाश्रम स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुदृिढीकरण एवं विस्तार गरिने छ ।

**नीति नं. १० :सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

१०.१. निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागि ऐन तथा निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, संचालन अनुमति दिने तथा तथा नियमन् गर्ने व्यवस्था मिलाईने छ ।

१०.२. वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधी समुचित प्रयोग, समुचित उपचारको नियमन गर्ने र कार्बाही गर्ने व्यवस्था गरिने छ ।

१०.३. त्रिवेणी गाउँपालिकाभरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

१०.४. सबै तहका स्वास्थ्य संस्थाहरुमा न्युनतम सेवा मापदण्डलागु गरिनेछ ।

**नीति नं. ११ : सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।**

११.१तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइनेछ । त्रिवेणी गाउँपालिकामातोकिएका स्वास्थ्य संस्था तथा बर्थिङसेन्टरहरुबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ ।

११.२ त्रिवेणी गाउँपालिका भित्र सरकारी, निजी तथा सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स, शब बाहन् तथा बारुण नियन्त्रण सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ र एम्बुलेन्स सेवाको विस्तार गर्नका साथै शुल्कमा नियमनगरिने छ ।

११.३. गाउँपालिका आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र त्रिवेणी गाउँपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा ( Buffer Stock) को रूपमा राखिनेछ ।

११.४. प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन् गर्न त्रिवेणी गाउँपालिकातथा वडा स्तरीय द्रुत प्रतिकार्य टोली (RRT)गठन गरि प्रभावकारी बनाईने छ ।

११.५. आकस्मिक स्वास्थ्य अवस्थामा परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

११.६ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संचालित क्षयरोग, कुष्ठरोग, एड्स, किटजन्यरोग सम्बन्धी कार्यक्रम कार्यान्वनयनको लागि स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ र आवस्यकता अनुसार परिमार्जित गरिने छ ।

११.७ संघीय तथा प्रादेशिक स्तरबाट जारी भएको स्वास्थ्य संस्था जन्य फोहोरको ब्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्डलाई त्रिवेणी गाउँपालिका स्तरमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

११.८ त्रिबेणी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट सार्वजनिक विदाको दिनसमेत आधारभुत स्वास्थ्य सेवा नियमित रुपमा प्रदान गर्ने व्यवस्था गाउँपालिकाको समन्वय तथा सहकार्यमा संचालन गरिने छ ।

**नीति नं. १२ : जनस्वास्थ्यको क्षेत्रमा त्रिवेणी गाउँपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय सरकार,कर्णाली प्रदेश सरकार, निजी तथा अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

१२.१औषधीको समूचित व्यवस्थापन र वितरणकालागि त्रिवेणी गाउँपालिका स्तरीय औषधी भण्डारणको व्यवस्था गरिनेछ।

१२.२राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाईत्रिवेणी गाउँपालिका भरि प्रबर्धन एवं विस्तार गरिने छ ।

१२.३. गाउँपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागिसुनिश्चितगर्ने साथै सो बजेट क्रमश बृद्धि गरिनेछ ।

१२.४अति गरिव, असहाय, विपन्न, जेष्ठ नागरिक तथा अन्य लोपोन्मुख जातीलाई गाउँपालिकाले परिचयपत्र प्रदान गरी आधारभुत स्वास्थ्य सेवा निःशुल्क गरिने छ । उल्लेखित लक्षित समुदायलाई बिशेष स्वास्थ्य कार्यक्रम गरी पहुँच बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामागाउँपालिकाको सहुलियतमासमावेश गरि कार्यान्वयन गरिनेछ ।

१२.५त्रिवेणी गाउँपालिका भित्र गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ ।

**नीति नं. १३ : जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।**

१३.१. त्रिवेणी गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

१३.२.समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ।

१३.३ वडा समितिहरु संग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ ।

१३.४ वडा समितिहरु संग समन्वय र सहकार्य गरी बस्तीहरुमा स्वास प्रस्वास रोगको कारक मानिएको घरभित्रहुने धुँवा नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ ।

१३.५ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त त्रिवेणी गाउँपालिकाबाट पूर्णसफा त्रिवेणी गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ।

१३.६ त्रिवेणी गाउँपालिका भित्र खानेपानी, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ ।

१३.७ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

**नीति नं. १४ :स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

१४.१ स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई त्रिवेणी गाउँपालिकाभर प्रभावकारी रुपमा लागू गरिनेछ ।

१४.२. स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ ।स्वास्थ्य कर्मिलाई आफ्नो काम, कतब्य प्रति जवाफदेही बनाईने छ ।

१४.३. स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक लेखापरिक्षण, नागरिक बडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिनेछ छ । स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोगगरिने छ ।

१४.४. स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने छ ।

१४.५ गाउँपालिकाका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको हकको सुनिश्चितता गरिनेछ ।

१४.६. गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**नीति नं. १५ :त्रिवेणी गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न पोषण संम्वन्धि कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्ने तथा स्थानीय स्तरमा उत्पादन हुने पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।**

१५.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तनगर्ने तथापत्रु खाना(Junk Food)लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

१५.२ अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१५.३ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

१५.४. वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

१५.५ बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषण गर्दै लगिनेछ ।

१५.६ संम्वन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी स्थानीय बजारमा हुने खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन, बिक्रिबितरणको लागी नियमन गरिने छ । कुनैपनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।

१५.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गरिनेछ ।

**नीति नं १६ : जनसंख्या ब्यवस्थापनलाई त्रिवेणी गाउँपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

१६.१ समुदायस्तरमा भएकोहरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्धगरिनेछ ।

१६.२ स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा व्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ। लामो अवधि का मगर्ने अस्थायी परिवार योजनका साधनहरुको उपलब्धतालाई सवै स्वास्थ्य निकायहरुमा विस्तार गर्दै लगिनेछ ।

१६.३ स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

## ७. संस्थागत संरचना

७.१. नीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तर्गत सेवा प्रवाहका लागि त्रिवेणीगाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ ।

७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु संग क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

७.३ स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न गाउँपालिका तहमा स्वास्थ्य, शुसासन, गुणस्तर सुधार तथा अनुगमन समितिको व्यबस्था गरिनेछ ।

## ८.आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः त्रिवेणी गाउँपालिकाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न त्रिवेणी गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीतिक योजनाहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## ९.अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखा तथा यस मातहतको गाउँपालिका स्तरीय स्वास्थ्य समितिको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीति तथा रणनैतिक योजनाको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## १०.नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकाले आवश्यक स्वास्थ्य तथा सरसफाई ऐन, निर्देशिका, कार्यबिधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति तथा रणनीतिहरु कार्यान्वयनको लागि आबस्यक योजना बनाउने छ । यही योजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## ११.जोखिम

यस पालिकाको बढ्दो जनआकांक्षा, भर्खरै संस्थागत स्वरुप लिई रहेको अवस्था, सिमित साधन र स्रोत, गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा पञ्चवर्षिय रणनीतिहरुले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको

बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न **त्रिवेणी गाउँपालिकाको स्वास्थ्य नीति २०७७** को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

## १२. खारेजी

हाल सम्म यस त्रिवेणी गाउँ पालिकामा स्वास्थ्य नीति तयार गरि लागू नभएकोले खारेजीको व्यवस्था गर्नु नपर्ने देखिन्छ ।